# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, असार १७ गते, २०८० साल संख्या १

## भाग २

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र भक्तपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगर कार्यपालिकाको मिति २०८०।२।२८ मा बसेको कार्यपालिका बैठकबाट संशोधन भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको कार्यविधि**

## भक्तपुर नगरपालिकाको नक्सा पास सम्बन्धी संक्षिप्त (पहिलो संशोधन) कार्यविधि, २०८०

भक्तपुर नगरपालिकाको नक्सा पास सम्बन्धी संक्षिप्त कार्यविधि २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।२।२८ मा बसेको कार्यपालिका बैठकले देहाय बमोजिम संशोधन गरिएको छ :

१. संक्षिप्त नाम र परिभाषा : (१) यो कार्यविधिको नाम "भक्तपुर नगरपालिकाको नक्सा पास सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिकाको नक्सा पास सम्बन्धी संक्षिप्त कार्यविधि २०७४ (यसपछि मूल कार्यविधि भनिएको छ) को बुँदा नं. २.३. मा रहेको ""निर्माण अनुमति" भन्नाले नगरपालिका क्षेत्रभित्र घर, भवन, टहरा, ग्यारेज, पर्खाल........." भन्ने वाक्यांशको सट्टा ""निर्माण अनुमति" भन्नाले नगरपालिका क्षेत्र भित्र टहरा, ग्यारेज, पर्खाल.........." भन्ने वाक्यांश राखिएको छ ।

३. मूल कार्यविधिको बुँदा नं. २.४. मा रहेको ““घर, भवन” भन्नाले ईटा वा ढुंगा वा सिमेन्ट र फलाम वा काठ आदि ......” भन्ने वाक्यांशको सट्टा ““टहरा, ग्यारेज, पर्खाल” भन्नाले ईटा वा ढुंगा वा सिमेन्ट र फलाम वा काठ आदि.......” भन्ने वाक्यांश राखिएको छ ।

४. मूल कार्यविधिको बुँदा नं. २.८. मा रहेको ““दर्खाष्ट फाराम” भन्नाले घर, भवन निर्माण अनुमति र नक्सा पासको लागि नापदण्ड तोकिएको ....” भन्ने वाक्यांशको सट्टा ““दर्खाष्ट फाराम” भन्नाले टहरा, ग्यारेज, पर्खाल निर्माण अनुमति र नक्सा पासको लागि मापदण्ड तोकिएको ....” भन्ने वाक्यांश राखिएको छ ।

५. मूल कार्यविधिको बुँदा नं. २.१०. मा रहेको ““बाटो (आगमन मार्ग)” भन्नाले घर, भवन, टहरा वा ग्यारेजसम्म पुग्न वा आवतजावतको लागि.....” भन्ने वाक्यांशको सट्टा ““बाटो (आगमन मार्ग)” भन्नाले टहरा वा ग्यारेज वा पर्खालसम्म पुग्न वा आवतजावतको लागि ....” भन्ने वाक्यांश राखिएको छ ।

६. मूल कार्यविधिको बुँदा नं. २.१३. मा रहेको ““निर्माणकर्ता” भन्नाले घर, भवन, टहरा वा ग्यारेज वा पर्खाल निर्माण अनुमति...” भन्ने वाक्यांशको सट्टा ““निर्माणकर्ता” भन्नाले टहरा वा ग्यारेज वा पर्खाल निर्माण अनुमति...” भन्ने वाक्यांश राखिएको छ ।

७. मूल कार्यविधिको बुँदा नं. ३. मा रहेको ““निर्माण अनुमति दर्खाष्ट” नगरपालिका क्षेत्रभित्र घर, भवन, टहरा वा ग्यारेज वा पर्खाल निर्माण......” भन्ने वाक्यांशको सट्टा ““निर्माण अनुमति दर्खाष्ट” नगरपालिका क्षेत्रभित्र टहरा वा ग्यारेज वा पर्खाल निर्माण ......” भन्ने वाक्यांश राखिएको छ ।

८. मूल कार्यविधिको बुँदा नं. ३.१. मा रहेको “निर्माण अनुमतिका लागि देहाय बमोजिम हुनुपर्नेछ, क) घर, भवन निर्माणका लागि मापदण्डमा तोकिएको बमोजिम र टहरा, ग्यारेज वा पर्खालको लागि .....” भन्ने वाक्यांशको सट्टा “निर्माण अनुमतिका लागि देहाय बमोजिम हुनुपर्नेछ, क) निर्माणका लागि मापदण्डमा तोकिएको बमोजिम र टहरा, ग्यारेज वा पर्खालको लागि .....” भन्ने वाक्यांश राखिएको छ ।

९. मूल कार्यविधिको बुँदा नं. ४. मा रहेको “निर्माण सम्बन्धि व्यवस्था - नगरपालिका क्षेत्रभित्र कुनैपनि प्रकारको घर, भवन, टहरा, ग्यारेज, पर्खाल आदि ....” भन्ने वाक्यांशको सट्टा “निर्माण सम्बन्धि व्यवस्था - नगरपालिका

क्षेत्रभित्र कुनैपनि प्रकारको टहरा, ग्यारेज, पर्खाल आदि ....” भन्ने वाक्यांश राखिएको छ ।

१०. मूल कार्यविधिको बुँदा नं. ४.(ख) मा रहेको “.... घर, भवन, टहरा र ग्यारेज बनाउन अनुमति दिईने छैन” भन्ने वाक्यांशको सट्टा “...... टहरा र ग्यारेज बनाउन अनुमति दिईने छैन” भन्ने वाक्यांश राखिएको छ ।

११. मूल कार्यविधिको बुँदा नं. ४.(ग) मा रहेको “घर, भवन, टहरा, ग्यारेज र पर्खाल निर्माण ...” भन्ने वाक्यांशको सट्टा “टहरा, ग्यारेज र पर्खाल निर्माण ...” भन्ने वाक्यांश राखिएको छ ।

१२. मूल कार्यविधिको बुँदा नं. ४.(घ) मा रहेको “निर्माण अनुमति लिईने घर, भवन, टहरा, ग्यारेज निर्माण ...” भन्ने वाक्यांशको सट्टा “निर्माण अनुमति लिईने टहरा, ग्यारेज निर्माण ....” भन्ने वाक्यांश राखिएको छ ।

१३. मूल कार्यविधिको बुँदा नं. ४.(ङ) मा रहेको “व्यावसायिक प्रयोजनको लागि निर्माण अनुमति लिएका घर, भवन, टहरा, ग्यारेज ...” भन्ने वाक्यांशको सट्टा “व्यावसायिक प्रयोजनको लागि निर्माण अनुमति लिएका टहरा, ग्यारेज ...” भन्ने वाक्यांश राखिएको छ ।

१४. मूल कार्यविधिको बुँदा नं. ४.(च) मा रहेको “... वसोवास प्रयोजनको लागि अनुमति लिएका घर, भवन, टहरा, ग्यारेज ..” भन्ने वाक्यांशको सट्टा “... वसोवास प्रयोजनको लागि अनुमति लिएका टहरा, ग्यारेज ...” भन्ने वाक्यांश राखिएको छ ।

१५. मूल कार्यविधिको बुँदा नं. ४.(छ) मा रहेको “निर्माण अनुमति र नक्सा पास भएका घर, भवन, टहरा, ग्यारेज ...” भन्ने वाक्यांशको सट्टा “निर्माण अनुमति र नक्सा पास भएका टहरा, ग्यारेज ...” भन्ने वाक्यांश राखिएको छ ।

१६. मूल कार्यविधिको बुँदा नं. ५.४. मा रहेको “... सम्बन्धित वडा निरिक्षक सम्बन्धित ...” भन्ने वाक्यांशको सट्टा “... सम्बन्धित वडा कार्यालय सम्बन्धित ...” भन्ने वाक्यांश राखिएको छ ।

१७. मूल कार्यविधिको बुँदा नं. ५.६. मा रहेको “... भएपछि प्रमुखले अनुसुचि ६ बमाजिम ...” भन्ने वाक्यांशको सट्टा “... भएपछि प्रमुख प्रशासकीय अधिकृतले अनुसुचि ६ बमाजिम ...” भन्ने वाक्यांश राखिएको छ ।

१८. मूल कार्यविधिको बुँदा नं. ७. मा रहेको “... प्रमुखमा निहित अधिकार उपप्रमुख वा वडा अध्यक्ष वा प्रशासकीय अधिकृत ...” भन्ने वाक्यांशको सट्टा

"... प्रमुख प्रशासकीय अधिकृतमा निहित अधिकार अन्य अधिकृतलाई ..." भन्ने वाक्यांश राखिएको छ ।

१९. मूल कार्यविधिमा रहेको ".... कि.नं. .... मा घर, भवन, टहरा, ग्यारेज वा पर्खाल ...." भन्ने वाक्यांशको सट्टा ".... कि.नं. .... मा टहरा, ग्यारेज वा पर्खाल ...." भन्ने वाक्यांश राखिएको छ ।

२०. मूल कार्यविधिको अनुसूची ६ मा रहेको ".... यस नगरपालिकाको .... को निर्णय अनुसार तपाईलाई ..." भन्ने वाक्यांशको सट्टा ".... प्रचलित मापदण्ड अनुसार भएकोले तपाईलाई ....." भन्ने वाक्यांश राखिएको छ ।

२१. मूल कार्यविधिको अनुसूची ६ मा रहेको "स्वीकृत गर्ने प्रमुख" भन्ने वाक्यांशको सट्टा "प्रमुख प्रशासकीय अधिकृत" भन्ने वाक्यांश राखिएको छ ।

**आज्ञाले**
(**विजय कुमार शर्मा**)
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८०।३।१० गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८ । मूल्य रु. ५।–**